# गेरुवा गाउँपालिका

# स्थानीय राजपत्र

खण्ड:३ संख्याः ९ मितिः २०७६/०३/३१

भाग–१

## गेरुवा गाउँपालिकाको सूचना

नेपालको संविधानको धारा २२६ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम गेरुवा गाउँपालिकाको गाउँ सभाबाट मिति २०७६/०३/३१ गते जारी गरेको देहाय बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा(३) बमोजिम प्रकाशन गरिएको छ ।

संवत् २०७६ सालको ऐन नं. १

## गेरुवा गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७६

# गेरुवा गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७६

**प्रस्तावनाः**

नेपालको संविधानको अनुसूची ८ र ९ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय तहलाई तोकिएको अधिकार क्षेत्रभित्रका विषयमा आवश्यक कानून बनाई प्रशासकीय कार्यविधि नियमित गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम गेरुवा गाउँपालिकाको सभाले यो ऐन बनाएको छ ।

**१. संक्षिप्त नाम, विस्तार र प्रारम्भ :** (१) यो ऐनको नाम **गेरुवा गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७६** रहेको छ ।

(२) यो ऐन गेरुवा गाउँपालिका क्षेत्रभित्र तुरुन्त लागू हुनेछ ।

**२. परिभाषा :** (१) बिषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "ऐन" भन्नाले गेरुवा गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७६ सम्झनु पर्छ ।

(ख) "कार्यपालिका" भन्नाले गेरुवा गाउँ कार्यपालिका सम्झनु पर्छ ।

(ग) "गाउँपालिका" भन्नाले गेरुवा गाउँपालिका सम्झनु पर्छ ।

(घ) "सभा" भन्नाले संविधानको धारा २२२  बमोजिमको गाउँसभा सम्झनु पर्छ ।

(ङ) "संविधान" भन्नाले नेपालको संविधान २०७२ लाई सम्झनु पर्छ ।

३. **नियम बनाउने अधिकार** : (१) नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम गाउँपालिकालाई तोकिएका अधिकार क्षेत्रभित्रका विषयमा तोकिएको कार्य जिम्मेवारी निर्वाह गर्न अपनाउनु पर्ने कार्यविधि नियमित गर्नको निमित्त गेरुवा गाउँ कार्यपालिकाले आवश्यक नियम बनाउन सक्नेछ ।

(२) उपदफा (१) वमोजिम नियम बनाउँदा संघीय तथा प्रदेश कानून बमोजिम स्थानीय तहको क्षेत्राधिकार भित्र पर्ने विषयमा मात्र बनाउनु पर्नेछ ।

४.**निर्देशिका, कार्यविधि र मापदण्ड वनाउन सक्नेः**(१) संविधान, प्रचलित ऐन र यस ऐन अन्तर्गत बनेका नियमावली समेतको अधिनमा रही गेरुवा गाउँ कार्यपालिकाले आवश्यकता अनुसार निर्देशिका, कार्यविधि र मापदण्ड वनाई लागू गर्न सक्नेछ । यस भन्दा पूर्व बने गरेका मापदण्ड र कामकारवाही समेत ऐन संग नबाझिने हद सम्म यसै ऐन अन्तर्गत भएको मानिने छ ।

५. **बचाउः** यस अघि गेरुवा गाउँपालिकाको सभाबाट निर्णय भई भए गरेका कामकारबाही यसै ऐन बमोजिम भए गरेको मानिने छ ।

आज्ञाले,

धर्मराज न्यौपाने

प्रमुख प्रशासकीय अधिकृत